# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०८२-०८३
चलानी न.:

मिति:२०८२/०७/११
ने.स. ११४६ कछलाथ्व षष्ठी, मंगलवार

सुचना नं. : २४

**वैदेशिक रोजगार सन्तति छात्रवृति कार्यक्रममा सहभागिता सम्बन्धि सुचना !**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको सिलशिलामा मृत्यु वा अंगभंग वा विरामी भई नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार बोर्डको सचिवालयको कल्याणकारी कोषबाट शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका बालबालिकाहरुलाई प्रदान गरिने वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि आवेदन खुला गरिएकोले, वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसूची १ बमोजिमको फारम भरी आवश्यक कागजात सहित आफु अध्ययनरत रहेकै शैक्षिक संस्थामा मिति २०८२ कार्तिक ३० गते गतेभित्र निवेदन दिनुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**आवेदनका लागि आवश्यक कागजातहरू :**

**पहिलेदेखी छात्रावृति पाईरहेका छात्र/ छात्राहरुले पेश गर्नुपर्ने कागजातहरू:**

1. छात्रवृत्ति सिफारिस फाराम (अनुसूची १)
2. कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नम्बर खुल्ने अन्य आधिकारिक प्रमाण
3. अध्ययनरत विद्यालयबाट सिफारिस पत्र (अनुसूची २)
4. विद्यार्थी वा संरक्षकको चालु बैंक खाताको प्रतिलिपि (चेकबुकको पृष्ठ)

**पहिलो पटक छात्रावृति प्राप्त गर्ने छात्र/ छात्राहरुले पेश गर्नुपर्ने थप कागजातहरू:**

5. विद्यार्थीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि
6. अभिभावक वा संरक्षक को नागरिकताको प्रतिलिपि
7. कामदार, अभिभावक र विद्यार्थीबीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि

**समयसीमा:**

- निवेदन शैक्षिक संस्थामा पेश गर्ने अन्तिम मिति: २०८२ कार्तिक ३० गते
- शैक्षिक संस्थाबाट संकलित निवेदन सहित गाउकार्यपालिकाको कार्यालयमा सिफारिस पठाउने अन्तिम मिति: २०८२ मंसिर ७ गते

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्वन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

..........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्वन्धमा मेरो (बुवा/आमा) नाताको ............................................बैदेशिक रोजगारीका सिलसिलामा मिति ............................. मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्बर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नम्बर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्वन्धित)

**विद्यालयको सिफारिसको ढांचा**

मिति : ................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

...................पालिका ,............।

**विषय : सिफारिस सम्वन्धमा।**

उपरोक्त सम्वन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरुलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

संलग्न कागजात

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको।नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्बर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।